# गलाती

गलातीहरुलाई लेखिएको पत्रलाई पावलको “क्रोधित पत्र” भनेर चिनिन्छ। किनभने गलातियन मण्डलीहरुमा केही भयनक घटना भएको थियो। छोटो परिचयपछि, पावलले तुरुन्तै यसो भन्दै सुरु गरे, “मलाई आश्‍चर्य लागिरहेछ, कि ख्रिष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरु भिन्न सुसमाचारतिर लागिरहेछौ।” (१:६) त्यसपछि, पावलले तुरुन्तै कदम चाल्छन् र साँचो सुसमाचार, येशू र उहाँको राज्यको बारेमा सुसमाचारको रक्षा गर्न शक्तिशाली रुपमा बोल्छन्।



**लेखक:** प्रेरित पावल
**लेखको मीति:** ४८-५५ AD बीचमा लेखिएको थिए।
**मूल दर्शक:** गलातीका मण्डलीहरु। गलातीमा रहेका धेरै जसो मानिसहरु गैर-यहूदीहरु थिए।
**पत्र लेख्नुको उद्देश्य:** गलातीमा रहेका विश्‍वासीहरुले येशूको बारे सुसमाचार र परमेश्‍वरको राज्यको आगमनको बारे सुनेका थिए। तिनीहरुले त्यो सुसमाचार ग्रहण गरे र ख्रिष्टमा नयाँ जीवन सुरु गरेका थिए। तर केही समय पछि, बाहिरका मानिसहरु मण्डलीहरुमा आएर ख्रिष्टका गैर-यहूदी अनुयायीहरुले यहूदी धार्मिक नियमहरु पालन गर्नुपर्छ भनी सिकाँछन्। तिनीहरुले पावललाई मानिसहरुलाई “खुसी पार्ने” र साँचो प्रेरित नभएको भनेर आरोप लागए। पावलले त्यस किसिमका मानिसहरुलाई “समस्या निम्त्याउँनेहरु” (५:१२) र जसले येशूको सुसमचारलाई विकृति ल्याउँनेहरु भनेर बताउँछन्। त्यसकारण पावलले गलातीका मानिसहरुलाई सुसमाचारको सत्यताको सम्झन गराउन र तिनीहरुलाई पाप र व्यवस्थाको दासत्वबाट फर्केर ख्रिष्टमा स्वतन्त्रता पाउन प्रोत्साहन दिन लेखिरहेछन्।

**पत्रको मुख्य सन्देश:** गलातियनहरुलाई पावलको शिक्षा: येशू ख्रिष्टको मृत्युद्वारा, विश्‍वासीहरु दुष्टको युगबाट उद्धार गरिएको छ। परमेश्‍वरको नयाँ संसार वा राज्य आएको छ, र यससँगै नयाँ समुदायको निर्माण भएको छ। त्यो नयाँ समुदाय त्यो समुदाय हो जसलाई परमेश्‍वरले सृष्टि गर्ने प्रतिज्ञा गर्नुभएको थियो। येशूले क्रुसमा व्यवस्थाको श्रापलाई भङ्‌गा गर्नुभयो, र अब यहूदी र अन्यजातिहरु विश्‍वासद्धारा धार्मी बन्न सकिन्छ। तिनीहरुले अब्राहामको नयाँ परिवारमा धर्मपुत्र प्राप्त गर्न सक्छन्। अब तिनीहरु आत्माद्धारा जिउँदै परमेश्‍वरको व्यवस्था पालन गर्छन्। यसकारण पावलले तिनीहरुलाई खतनाको अधिनमा नपर्न आग्रह गर्छन्। यसले तपाईलाई दासत्वको नयाँ रुपमा ल्याउँछ। बरु ख्रिष्टको स्वतन्त्रता र आत्माको शक्तिको आनन्द लिनुहोस्।

**गलाती पत्रको रुपरेखा:**

1. अभिवादन र पत्र लेख्नुको उद्देश्य (१:१-१०)
2. पावलले सुसमाचारको सन्देश कसरी प्राप्त गरे (१:११-२४)
3. येरुशलेममा पावलले पत्रुस, याकुब र यूहन्नालाई भेटेको (२:१-१०)
4. एन्टिओखियामा पावल र पत्रुसको मतभेद (२:११-२१)
5. पावलको सुसमाचारको रक्षा र गलतीहरुलाई चेतावनी (३:१-५:१२)
6. आत्माद्धारा जिउने बारे पावलको शिक्षा (५:१३-६:१०)
7. समापन र पत्रको अन्त्य (६:११-१८)

## खतना

खतना एक शल्क्रिया प्रकृिया हो जसले लिंगको अगाडीको छाला हटाउँछ। यो विभिन्न कारणहरुको लागि धेरै संस्कृतिहरुद्धारा अभ्यास गरिएको छ र अझै पनि छ। प्रचिन इस्राएलमा, केटाहरुको जीवनको/जन्मेको आठौं दिनमा खतना गरिन्थ्यो। (उत्पत्ति १७:२; लेवी १२:३)। येशू र पावल दुवैले यस पवित्र परम्परा अनुसार खतना गरिएको थियो। (लूका १:५९; २:२१ र फिलिप्पी ३:५) जुन आज पनि यहूदीहरुले अभ्यास गरिरहेका छन्।

यहूदी धर्म अनुसार, खतना "करारको चिन्ह" थियो: तिनीहरु परमेश्वरले चुनिएका मानिसहरु हुन् र परमेश्वरले अब्रहामलाई दिनुभएको प्रतिज्ञाहरुका हकदारहरु हुन् र तिनीहरुले मोशालाई परमेश्वरले दिनुभएको व्यवस्था पालन गर्नेछन् भनी देखाउनको लागि पुरुषहरुको खतना गरिएको थियो। अगमवत्तकहरुले कहिलेकाहीं प्रतीकात्मक तरिकामा खतनाको कुरा गरे। उदाहरणको लागि: अगमवत्तकहरुले जिद्दी वा परमेश्वरको आज्ञा नमान्ने मानिसहरुको खतना नगरिएका कान वा खतना नगरिएका हृदयहरु छन् भन्नुभयो। (यर्मिया ६:१० र लेवी २६:४१)।

पावल खतनाको धार्मिक परम्परालाई पछ्याउने यहूदी वा गैर-यहूदीहरुको विरुद्ध होइन। तर कुनैपनि परम्पराको पालन वा पालन नगर्दा परमेश्वरसँगको तिनीहरुको सम्बन्धमा असर पर्छ भनेर मानिसहरुलाई सिकाउँदै आएका मानिसहरुसँग पावल क्रोधित हुन्छन्। पावल भन्छन् कि उद्धार र परमेश्वरसँगको सम्बन्ध मानिसहरुको विश्वासमा मात्र आधारित हुन्छ।

## पत्रुस र पावल बीच भएको मतभेद

गलाती २:११-२१ मा, हामीले पावल र पत्रुस बीच भएको असहमति बारे पढ्छौं। त्यस समयमा, यहूदी अविश्वासीहरु गैर-यहूदीहरुसँग खाना खन्दैनथ्यो जब पत्रुस पावल भएको ठाउँ एन्टिओखियामा आएको थिए, तिनले अन्यजातिहरुसँग मिलेर खाए। सायद तिनले आफ्नो नियमित खाना र प्रभु-भोज गैर-यहूदीहरुसँगै लियो। त्यसो गर्दा, तिनले यो देखाउँछ कि, येशूलाई पछयाउने दुवै यहूदी वा गैर-यहूदीहरु यहूदी व्यवस्थाबाट स्वतन्त्र छन्। तपनि, याकुबका केही यहूदी मानिसहरु त्यहाँ आए, पत्रुसले त्यस किसिमका अभ्यास गर्न छोडे किनभने तिनी डराएको थियो, किनभने पत्रुस आफै पनि यहूदी थिए। पावलले पत्रुसको सामना गरे र हप्काए। दुर्भाग्यवश, पावलले हामीलाई त्यसपछि, के भयो भन्ने कुरा बताउँदैन, वा यदि उनी र पत्रुस साथी बनेका थिए। तर २ पत्रुस ३:१५-१६ मा, पत्रुसले पावलका पत्रहरु सिफारिस गर्छन् र तिनीहरुले आफ्नो सम्बन्ध सुधारेको संकेत गर्छन्।

## पवित्र आत्माको फल

पावलले स्पष्टसँग सिकाउँछन् कि मानिसहरु यहूदी धार्मिक व्यवस्था पछाएर वा कामहरुद्धारा धार्मी बनाइँदैन। विश्वासद्धारा मात्र मानिसहरु धार्मी बनाइन्छ। कसै-कसै मानिसहरुले यो पनि सोच्न सक्छन् कि येशूलाई पछयाउनेहरुले जे गरे पनि केही हुँदैन भन्न सक्छन्। तर पावलले यसो भन्छ, "भाइ हो, तिमीहरु त स्वतन्त्रताको निम्ति बोलाइएका हौ। केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर। तर प्रेममा तिमीहरु एक-अर्काको सेवक बन। किनभने समस्त व्यवस्था एउटै वचनमा पुरा भएको छ, "तैंले आफ्नो छिमेकीलाई आफुलाई झैं प्रेम गर्।" (५:१३-१४) पावलले शरीरद्धारा बाँच्नु वा हाम्रो मानव इच्छा अनुसार बँच्नुलाई आत्मासँग बँच्नुुसँग तुलाना गरेको छ। शरीरद्धारा जीउनेले दुष्ट फल फलाउँछ तर आत्माद्धारा जिउनेले असल फलहरु फलाउँछ। तर पवित्र आत्माको फल चाहीँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरुका विरुद्ध कुनै व्यवस्था छैन। (५:२२-२३)

गलातीका पत्र पढ्न समय दिनुहोस्। र त्यसपछि सबै खण्डहरुलाई विस्तृत रुपमा अध्ययन गर्नुहोस् र निम्न प्रश्नहरुको छलफल गर्नुहोस्।

1. हामीले परमेश्वर, येशू, र पवित्र आत्मा बारे के सिक्छौं?
2. हामीले मण्डलीको बारे के सिक्छौं?
3. ख्रिष्टको एक अनुयायी हुनले मैले के गर्नुपर्छ?
4. के त्यहाँ कुनै विश्वास वा र कार्य मैले परिवर्तन गर्न आवश्यक छ?
5. यी खण्डहरु मैले कसलाई बताउन सक्छु?